**Published Date : २०८३-०१-२४**

# त्रिभुवन विश्वविद्यालय

## परीक्षा नियन्त्रण कार्यालय

बल्खु, काठमाडौँ

## 4-Years B.A., B.B.S, B.SC., B.Ed. Second Year Partial -2082

## ४ वर्षे स्नातक तह वि.ए., वि.वि.एस., वि.एड., वि.एस्सी. दोस्रो वर्षको आंशिक परीक्षा दिने परीक्षार्थीहरुका लागि परीक्षा आवेदन फाराम भर्ने सम्बन्धी सूचना।

त्रिभुवन विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालय, बल्खुद्वारा वार्षिक परीक्षा प्रणाली अनुसार २०८३ सालमा संचालन हुने २०८२ सालको ४ वर्षे स्नातक तह वि.वि.एस., वि.एड., वि.एस्सी., वि.ए. दोस्रो वर्षको आंशिक परीक्षा दिने परीक्षार्थीहरुले परीक्षा आवेदन फाराम भरि बुझाउनु हुन केन्द्रीय परीक्षा संचालक समितिको निर्णय अनुसार सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

१. <u>परीक्षा आवेदन फाराम सम्बन्धमा</u> :

क) परीक्षा आवेदन फाराम Online मार्फत विद्यार्थी/क्याम्पस/कलेजहरुले भरि सबै प्रक्रिया पुऱ्याई भर्नु पर्नेछ । यसमा अन्यथा हुन गएमा त्रि.वि.प.नि.का. जवाफदेही हुने छैन ।

ख) आंशिक परीक्षा दिने परीक्षार्थीहरु २०७४ सालमा भर्ना भई २०७५ सालमा प्रथम पटक प्रथम बर्षको परीक्षा दिएकाहरुको लागि यो २०८२ सालको आंशिक परीक्षा अन्तिमको पटकको परीक्षा हुनेछ साथै यसमा २०८१ सालको नियमित तथा आंशिक परीक्षामा अनुतिर्ण भएका र अवधि ननाघेका सम्पूर्ण परिक्षार्थिहरुले यो आंशिक परीक्षा दिन पाउनेछन् ।

ग) परीक्षा आवेदन फाराम भर्नको लागि हालसालै खिचेको White Background भएको पासपोर्ट साइजको फोटो आवश्यक पर्नेछ ।

घ) परीक्षा संचालन अबधी सम्म प्रवेशपत्रको प्रतिलिपि लिन परेमा सम्बन्धित क्याम्पसमा सम्पर्क गर्नु पर्नेछ ।

२. <u>परीक्षा आवेदन फाराम भर्ने शुल्क बुझाउने म्याद सम्बन्धमा</u> :

क) नियमित परीक्षा दिने परीक्षार्थीहरुले मिति २०८३-०१-२४ गतेदेखि २०८३-०२-२५ गतेसम्म नियमित दस्तुर तिरी तथा २०८३ जेठ २८ गतेदेखि असार ४ गतेसम्म दोब्बर दस्तुर तिरी सम्बन्धित क्याम्पस/कलेजमा Online परीक्षा फाराम भरेर बुझाईसक्नु पर्नेछ ।

ख) काठमाडौं उपत्यकाका क्याम्पस/कलेजहरुले त्रि.वि.प.नि.का. को नाममा जम्मा गरेको आवेदन फारामको नियमित शुल्क बुझाएको बैंक भौचर २ दिनभित्र (२०८३/०२/२७ गतेसम्म) तथा सम्पूर्ण परीक्षार्थीहरुको परीक्षा आवेदन फारामको ब्याच विवरण सूची अनिवार्य रुपमा त्रि.वि.प.नि.का.,बल्खु तथा उपत्यका बाहिरका क्याम्पस/कलेजहरुले सम्बन्धित क्षे.प.नि. का. मा बुझाउनु पर्नेछ । साथै दोब्बर दस्तुर तिरेको बैंक भौचर पनि अन्तिम मिति को २ दिन भित्र प.नि.का. तथा सम्बन्धित क्षे.प.नि.का. मा बुझाउनु पर्नेछ ।